जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ७५ • २०८३ साल साउन १८ गते सोमबार (3 August, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।–


## निषेधाज्ञा लागूपछि जनजीवन सामान्य

**टुडे समाचारदाता**

जनकपुरधाम। सुनसरी घटनापछि मधेशका विभिन्न जिल्लामा फैलिएको तनाव सप्तरी, सिरहा, धनुषा, महोत्तरी, पर्सासम्म पुगेको थियो। विभिन्न जिल्लाको सदरमुकाममा शुरु भएको आन्दोलन उग्र बन्दै तोडफोड र आगजनीमा परिणत हुँदा केही घर, पसल तथा व्यावसायिक मलमा समेत क्षति पुगेको छ।

आगजनी र तोडफोडबाट प्रभावित संरचनाहरूमा अहिले पनि क्षतिको स्पष्ट रुपमा देख्न सकिन्छ। कतिपय घर र पसलमा आगलागीका कारण ठूलो क्षति पुगेको छ।

तथापि सप्तरी जिल्ला प्रशासन कार्यालयले राजविराज नगरपालिका र बोदेबरसाइन नगरपालिकाका जारी कर्फ्यु हटाएर निषेधाज्ञा लागू गरेको छ। प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाद्वारा जारी सूचना अनुसार जिल्ला सुरक्षा समितिको आजको बैठकबाट उक्त स्थानमा निषेधाज्ञा जारी गर्ने निर्णय भएको छ।

त्यस्तै सिरहाको गोलबजारमा समेत कर्फ्यु हटाइएपछि जनजीवन सामान्य बनेको छ। मधेश प्रदेशको राजधानी जनकपुरधाममा पनि कर्फ्यु हटाएर निषेधाज्ञा लागू गरिएको छ। जिल्ला प्रशासन कार्यालय धनुषाले निषेधाज्ञा लागू गरिए पनि बजारमा सामान्य चहलपहल देखिएको छ। बजार तथा व्यवसाय पनि निर्वाध रुपमा सञ्चालनमा आएको छ।

### जनकपुर वार्तापछि मधेशको राजनीति तरंगित

# मधेशमा वार्ता सफल, तर हिन्दू राष्ट्रको प्रस्तावले बढायो राजनीतिक असमञ्जस

**टुडे समाचारदाता**

जनकपुरधाम। सुनसरीको देवानगञ्ज झडपपछि तराई-मधेशको विभिन्न जिल्लामा देखिएको धार्मिक तथा सामुदायिक तनाव समाधान गर्ने प्रयासस्वरूप जनकपुरधाममा भएको सरकार र संयुक्त हिन्दू मोर्चाबीचको वार्ताले नयाँ राजनीतिक बहस जन्माएको छ। भने यस जनकपुरधाममा भएको वार्तापछि मधेशको राजनीति तरंगित बनेको छ। वार्तामा हिन्दू राष्ट्रसम्बन्धी विषय समेटिएको सहमतिपत्र सार्वजनिक भएपछि मधेश प्रदेशको राजनीतिक वृत्त मात्र नभइ केन्द्र सरकारभित्र पनि मतभेद देखिएको छ।



प्रधानमन्त्री बालेन्द्र साह 'बालेन' ले केही दिनअघि मात्र सरकार राजसंस्था र हिन्दु राष्ट्रको पक्षमा नरहेको स्पष्ट अभिव्यक्ति दिएका थिए। तर सो अभिव्यक्ति दिएको एक दि वित्न नपाउँदै गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा जनकपुरधाममा भएको वार्तामा हिन्दू राष्ट्रसम्बन्धी छलफल अघि बढाउने विषय समेटिएको सहमतिपत्र सार्वजनिक भएपछि सरकारको धारणा नै विरोधाभास देखिएको भन्दै प्रश्न उठ्न थालेका छन्।

धनुषा जिल्ला प्रशासन कार्यालयमा संयुक्त हिन्दू मोर्चाले सरकारसमक्ष सुरुमा १३ बुँदे मागपत्र बुझाएको थियो। त्यसपछि थप विषय समेटेर १९ बुँदे प्रस्ताव प्रस्तुत गरिएको बताइएको छ।

सार्वजनिक गरिएको सहमतिपत्रको पहिलो बुँदामै नेपालमा हिन्दू समुदायको बहुसंख्यक जनसंख्या रहेको उल्लेख गर्दै तीन महिनाभित्र सर्वदलीय छलफलमार्फत हिन्दू राष्ट्रसम्बन्धी प्रक्रिया अघि बढाउने विषय समावेश गरिएको छ। यही बुँदाले सबैभन्दा बढी राजनीतिक विवाद निम्त्याएको छ।

यद्यपि उक्त दस्तावेजमा सरकारको औपचारिक हस्ताक्षर भने नरहे पनि सरकारकै नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आन्दोलन स्थगनसँग जोडेर सहमतिका बुँदा सार्वजनिक गरेपछि सरकारको धारणामाथि प्रश्न उठेको छ।

सुनसरीबाट शुरु भएको धार्मिक तनाव विस्तारै तराई-मधेशका विभिन्न जिल्लासम्म फैलिन थालेपछि गृह मन्त्रालयले जनकपुरधाममा विभिन्न धार्मिक समूहसँग वार्ता गरेको थियो। आन्दोलनकारी पक्षले आन्दोलनका कार्यक्रम स्थगित गर्ने तथा सरकारले केही मागमा सकारात्मक पहल गर्ने समझदारी बनेको जनाइएको छ।

सहमतिमा धार्मिक पर्वका नाममा हातहतियार प्रदर्शन रोक्ने, धार्मिक स्थलमा ध्वनि प्रदूषण नियन्त्रण गर्ने, मन्दिर, मस्जिद, गुम्बा, चर्च तथा मदरसामा बसोबास गर्ने व्यक्तिहरूको अभिलेख राख्ने, सामाजिक सञ्जालमार्फत धार्मिक द्वेष फैलाउनेमाथि कानुनी कारबाही गर्ने लगायतका विषय समावेश छन्।

त्यस्तै आन्दोलनका क्रममा पक्राउ परेका व्यक्तिहरु माथिका मुद्दा पुनरावलोकन गर्ने, घाइतेहरूको उपचारको व्यवस्था गर्ने तथा धार्मिक संस्थामा आउने विदेशी आर्थिक सहयोगको निगरानी गर्ने विषय पनि प्रस्तावमा राखिएको छ।

राजनीतिक विश्लेषक झाले तत्काल तनाव नियन्त्रण गर्नु सरकारको दायित्व भए पनि संवेदनशील संवैधानिक विषयमा हतारमा प्रतिबद्धता जनाउँदा दीर्घकालीन राजनीतिक समस्या उत्पन्न हुन सक्ने बताए।

एकातिर प्रधानमन्त्रीले हिन्दू राष्ट्रको पक्षमा नरहेको स्पष्ट धारणा सार्वजनिक गर्ने र अर्कोतिर गृहमन्त्रीको उपस्थितिमा त्यही विषयमा छलफल गर्ने प्रतिबद्धता देखिनु सरकारभित्र नीति समन्वयको अभाव देखिने संकेत रहेको उनले ठम्याए।

नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का केन्द्रीय सदस्य दीपक यादवको भनाइ अनुसार मधेशजस्तो बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक समाजमा यस्ता विषयमा अत्यन्त सावधानीपूर्वक राजनीतिक संवाद आवश्यक हुन्छ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का पूर्वप्रवक्ता तथा प्रतिनिधिसभा सदस्य मनिष झाले वार्तामा सहभागीमध्ये एक जना आफ्नो पार्टीका सदस्य भए पनि उनी हिन्दू अभियन्ताको भूमिकामा सहभागी भएको दाबी गरे। उनले धार्मिक आस्थाका आधारमा कुनै नागरिकलाई वार्तामा सहभागी हुनबाट रोक्न नसकिने र वार्ताको उद्देश्य तनाव अन्त्य गर्नु रहेको जिकिर गरे।

उनले केही विषयमा सहमति भएको स्वीकारे पनि थप छलफल जारी नै रहेको भन्दै कुन-कुन बुँदामा अन्तिम सहमति भएको भन्ने विषयमा प्रस्ट्याएनन्।

धार्मिक तथा सामुदायिक विविधताले भरिएको मधेश प्रदेशमा पछिल्ला घटनाक्रमले सामाजिक सद्भाव जोगाउने चुनौती थपिएको देखिन्छ। राजनीतिक दल, नागरिक समाज तथा सुरक्षा निकायले संवादमार्फत समस्या समाधान गर्नुपर्ने आवश्यकता बढेको नेकपाका केन्द्रीय सदस्य दीपक यादवले बताए।

कुनै पनि समुदायलाई असुरक्षित महसुस गराउने वा संविधानसंग जोडिएका विषयमा अस्पष्ट सन्देश दिने निर्णयले दीर्घकालीन असर पार्न सक्ने उनको भनाइ छ। त्यसैले तत्काल आन्दोलन व्यवस्थापनसगै सबै पक्षको सहभागितामा राजनीतिक संवादलाई संस्थागत गर्नुपर्ने आवश्यकता औंल्याए।

जनकपुरधाममा भएको वार्ताले तत्कालका लागि आन्दोलन शिथिल पार्ने वातावरण सिर्जना गरेको देखिए पनि हिन्दू राष्ट्रसम्बन्धी विषय सहमतिपत्रमा समेटिएपछि मधेश प्रदेशको राजनीतिक वातावरण थप तरंगित बनेको छ। सरकारको आधिकारिक धारणा, संविधानप्रतिको प्रतिबद्धता र सामाजिक सद्भावबीच सन्तुलन कायम गर्दै अघि बढ्नु अहिलेको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिएको राजनीतिक विश्लेषकहरु बताउँछन्।

### मधेश केन्द्रित सीमा सुरक्षामा थप कडाइ

# खुला सीमा क्षेत्रमा तेस्रो देशका नागरिकको अवैध प्रवेश रोक्न निगरानी बढाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल-भारत खुला सीमासँग जोडिएको मधेश प्रदेश पछिल्लो समय सुरक्षा संवेदनशीलताका दृष्टिले थप प्राथमिकतामा परेको छ। सीमा क्षेत्रबाट हुनसक्ने अवैध आवतजावत, तेस्रो देशका नागरिकको अनधिकृत प्रवेश तथा सीमा अपराध नियन्त्रण गर्ने उद्देश्यले करिब एक सातादेखि सशस्त्र प्रहरी बल (एपीएफ) ले 'बोर्डर इन्टरयाक्शन टीम (बीआईटी)' सञ्चालनमा ल्याएको छ। पाइलट परियोजनाका रूपमा शुरु गरिएको यो संयन्त्र विशेषगरी मधेशका प्रमुख सीमा नाकालाई केन्द्रमा राखेर कार्यान्वयन गरिएको छ।



सशस्त्र प्रहरी बलले जनाए अनुसार साउन १० गतेदेखि बीआईटी सञ्चालनमा आएको हो। यस अन्तर्गत सीमा नाकामा सादा पोशाकमा महिला तथा पुरुष सुरक्षाकर्मी बिहानदेखि साँझसम्म परिचालित हुनेछन्। उनीहरूले सीमा पार गर्ने यात्रुलाई आवश्यक सूचना, सहजीकरण तथा शंकास्पद गतिविधिको निगरानी गर्ने जिम्मेवारी पाएका छन्।

बीआईटी हाल झापाको काँकडभिट्टा, मोरङको रानी, पर्साको वीरगञ्ज, रुपन्देहीको डन्डा, बाँकेको जमुनाहा र कैलालीको त्रिनगर गरी ६ स्थानमा सञ्चालन गरिएको छ। यीमध्ये पर्साको वीरगञ्ज मधेश प्रदेशको सबैभन्दा व्यस्त अन्तर्राष्ट्रिय व्यापारिक तथा आवागमन नाका भएकाले यहाँ विशेष निगरानी बढाइएको छ।

वीरगञ्ज नाकाबाट दैनिक हजारौं नेपाली र भारतीय नागरिकको आवतजावत हुने भएकाले सुरक्षा निकायले तेस्रो देशका नागरिक अवैध रूपमा प्रवेश गर्ने सम्भावनालाई ध्यानमा राख्दै निगरानी प्रणालीलाई थप प्रभावकारी बनाएको जनाएको छ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अध्यागमन विभाग तथा भारतीय सुरक्षा निकायसंग नियमित समन्वय गरी सीमा सुरक्षा मजबुत बनाइएको छ। सुरक्षा अधिकारीहरूका अनुसार सीमा क्षेत्रमा सुराकी परिचालन, गस्ती, चेकपोइन्ट तथा प्रविधिमा आधारित निगरानीलाई थप प्रभावकारी बनाइएको छ।

नेपाल प्रहरीले दिएको जानकारी अनुसार सीमावर्ती जिल्ला विशेषगरी मधेश प्रदेशका प्रहरी प्रमुखहरूलाई कुनै पनि शंकास्पद गतिविधिमाथि विशेष निगरानी राख्न निर्देशन दिइएको छ। स्थानीय तह, प्रशासन र अन्य सुरक्षा निकायसंग समेत निरन्तर समन्वय भइरहेको जनाइएको छ।

राष्ट्रियसभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा नेपाल प्रहरीका प्रवक्ता तथा महानिरीक्षक अबि नारायण काफ्लेले रोहिंग्या, पाकिस्तानी तथा सोमालियाली शरणार्थीसंग सम्बन्धित केही गतिविधिले सुरक्षा संवेदनशीलता बढाउन सक्ने बताएका थिए। त्यसपछि सुरक्षा निकायले सीमानाका निगरानी थप कडा बनाएको छ।

उनले अवैध रूपमा नेपाल प्रवेश गर्न सक्ने व्यक्तिका गतिविधिले सुरक्षा चुनौती निम्त्याउन सक्ने आकलन गरेर आफूहरूले अन्तर निकाय समन्वय र सुराकीमा आधारित निगरानीलाई बढाएको बताए। उनले भने, 'हामीले सुराकीमा आधारित प्रहरीलाई सुदृढ बनाएका छौं। खास गरी सीमावर्ती क्षेत्रहरूमा कुनै त्यस्ता व्यक्तिहरूको घुसपैठ हुन नदिनका लागि त्यहाँका प्रहरी कर्मचारी र कमान्डरहरूलाई प्रहरी महानिरीक्षकबाट विशेष निगरानी गर्न निर्देशन दिइएको छ।' उनले अघि थप्दैं भने, 'सीमा निगरानीलाई बलियो बनाउने कुरा छ जसमा कागजपत्र देखाएर मात्र प्रवेश हुने अवस्थाहरू छ। अन्य सुरक्षा निकायका साथ साथै अध्यागमन विभाग सहितसँग समन्वयात्मक ढङ्गले अघि बढिरहेका छौं।'

सशस्त्र प्रहरी बलले दिएको जानकारी अनुसार गत आर्थिक वर्षमा सीमा क्षेत्रबाट अवैध रूपमा नेपाल प्रवेश गर्न खोजेका २० जना तेस्रो देशका नागरिकलाई नियन्त्रणमा लिएर अध्यागमन विभागलाई बुझाइएको थियो। अध्यागमन ऐनअनुसार यस्ता व्यक्तिलाई जरिवाना, कैद वा देश निकाला गर्न सकिने व्यवस्था छ।


नेपाल-भारतबीच खुला सीमा रहेकाले सीमाको सम्पूर्ण क्षेत्रमा एकैपटक निगरानी गर्न चुनौतीपूर्ण रहेको सुरक्षा अधिकारीहरू बताउँछन्। नियमित गस्ती, चेकपोइन्ट तथा भारतीय सशस्त्र सीमा बल (एसएसबी) सँगको औपचारिक तथा अनौपचारिक समन्वयमार्फत सीमा सुरक्षा सुदृढ पार्ने प्रयास भइरहेको जनाइएको छ।


सशस्त्र प्रहरी बलका प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक नेत्रबहादुर कार्कीले खुला सीमानाकाको फाइदासंगै त्यसको दुरुपयोग हुन सक्ने सम्भावना पनि रहने भएकाले सादा पोशाकमा खटिने बीआईटीले शंकास्पद गतिविधि पहिचान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

पूर्वगृह प्रशासनका अधिकारीहरूले मधेश प्रदेशजस्तो खुला सीमा नाका भएका क्षेत्रमा स्थानीय समुदायको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताएका छन्। उनीहरूको अनुसार सीमा क्षेत्रमा अपरिचित व्यक्तिको गतिविधिबारे समयमै सुरक्षा निकायलाई जानकारी गराउने संस्कृतिको विकास गर्न आवश्यक छ।

दीर्घकालीन रूपमा नेपाल-भारतबीच सीमा नाकामा परिचयपत्र प्रणाली लागू गर्न सके अवैध आवतजावत नियन्त्रणमा थप प्रभावकारी हुने सुझाव पनि विज्ञहरूले दिएका छन्। यद्यपि त्यसका लागि दुई देशबीच राजनीतिक तथा कूटनीतिक सहमति आवश्यक पर्ने उनीहरूको भनाइ छ।

नेपाल-भारत सीमानाकाको सबैभन्दा संवेदनशील क्षेत्रमध्ये पर्ने मधेश प्रदेशमा सीमा सुरक्षालाई केन्द्रमा राख्दै बीआईटी सञ्चालन शुरु गरिएको छ। विशेषगरी पर्साको वीरगञ्ज नाकासहितका मुख्य सीमा बिन्दुमा सादा पोशाकका सुरक्षाकर्मी परिचालन, सुराकी प्रणाली सुदृढीकरण, भारतीय सुरक्षा निकायसंगको समन्वय तथा तेस्रो देशका नागरिकको अवैध प्रवेश नियन्त्रणमा जोड दिइएको छ। सुरक्षा निकायका अनुसार सीमा क्षेत्रको सहज आवतजावतलाई कायम राख्दै राष्ट्रिय सुरक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यले यो अभियान अघि बढाइएको छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# जनजीवन सामान्य

स्थानीय प्रशासनले जारी गरेको कर्फ्यू हटाइएसंगै जनजीवन समान्य भएको छ । सामाजिक सद्भाव बिथोल्ने स्थिति सृजना भएपछि स्थानीय प्रशासनले त्यसलाई नियन्त्रण गर्न कर्फ्यू लगाएको थियो । नेपाल प्रहरी र सशस्त्र प्रहरीले कर्फ्यूलाई पालना गराउन नसकेको भन्दै सरकारले नेपाली सेना परिचालन गरेको थियो । तर सेनासित पनि युवाहरुले आमनेसामने गरेका थिए । कर्फ्यूको अवधिमा काम विशेषले बाहिर निस्कने सर्वसधारणलाई प्रचण्ड घामको बेला सडकमा उत्तानो पारेर नेपाली सेनाले दिएको यातनाको व्यापक आलोचना भएको छ । मानवअधिकारले त्यसरी यातना दिने छुट कसैलाई दिएको छैन । हुलदंगा नियन्त्रण गर्नुपर्छ । त्यो राज्यको दायित्व भित्र पर्छ । तर सर्वसधारणलाई हुलदंगा नियन्त्रण गर्ने नाममा चरम यातना दिन हुँदैन । स्थिति बेकाबु भएपछि मात्र कर्फ्यू लगाइन्छ । कर्फ्यूको समयमा अत्यावश्यक कार्य भए पनि प्रशासनको स्वीकृति बेगर बाहिर जान हुँदैन । आमनागरिकले पनि कर्फ्यूको आदेशलाई पालना गर्नु पर्छ । कर्फ्यूको पालना गर्न अटेर गर्नेलाई सुरक्षा बलले कारबाही गर्छन् । तर कारबाहीको तरिकालाई आलोचना गरिएको छ । संघीय गृहमन्त्री सुधन गुरुंगले सुनसरी, सप्तरी, सिरहा र धनुषामा पुगेर नै पीडित, सरोकारवाला निकाय, विभिन्न संघसंस्था, आन्दोलनरत पक्षसित प्रत्यक्ष छलफल गरे । उनको यो अत्यन्त प्रशंसनीय कार्य थियो । उनको सकारात्मक पहलले हुलदंगा शान्त गर्न ठूलो मद्दत मिल्यो । स्थानीय प्रशासनले पनि समन्वयात्मक भूमिका निर्वाह गरेको देखियो । बल प्रयोग नगरी दंगालाई नियन्त्रण गर्न धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारालगायतका जिल्लामा प्रशासनले गरेको प्रयास सार्थक रह्यो । देशका राजनीतिक दलहरुले धमिलो पानीमा माछा मार्ने काम गरेन । सबै दलका नेताहरुले सामाजिक सद्भाव कायम गर्न हरसम्भव प्रयास गरे । कर्फ्यू लागेका जिल्लाहरु मध्ये सप्तरी बाहेक अन्य जिल्लाहरुमा हटाइएको छ । कर्फ्यू नै लागेको भनिए पनि त्यो निषेधाज्ञाको रुपमा देखिएको छ । सेना सडकहरुमा छैन । आमनागरिकले व्यापार, व्यवसाय खोलेका छन् । तर अशान्त रहेको अवधिमा अर्बौ रुपैयाँको क्षति भयो । तीन जनाको ज्यान गयो । तर कारबाही कसैमाथि भएन । सुनसरीबाट भएको हिंसात्मक घटना सिरहाको गोलबजारसम्म आइपुग्दा कोही पनि दोषी नहुनु नै अर्को यस्तै घटना गर्नेहरुलाई बल पुग्नेछ। सरकार र पीडित पक्षबीच सहमति भएको छ। तर पीडकलाई सरकारले कारबाही गरेको छैन। घटनामा त कोही पक्कै दोषी होलान् ? त्यसकारण दोषीहरु उपर कारबाही गर्न आवश्यक छ। विगतमा पनि यस प्रकारको घटना हुँदा सामाजिक सद्भाव कायम गर्ने नाममा सहमति गरिन्छ। दोषीलाई उन्मूक्ति दिइन्छ। दोषीहरु जो सुकै भए पनि कारबाहीको दायरामा ल्याउनु पर्छ । दोषीहरु कारबाहीको दायरामा नआएसम्म यस्ता घटनाहरु दोहरिरहनेछ।

# मधेशको संवेदनशीलता र राज्यको जिम्मेवारी



विजय मस्त

अहिले मधेश धार्मिक असहिष्णुताको तनावले आक्रान्त बनेको छ। धार्मिक आस्थाको नाममा कट्टरपन्थी तत्वहरू सक्रिय भएका छन्। दिनहुँजसो प्रदर्शन, नाराजुलुस र हिंसाका घटना भइरहेका छन्। एक धार्मिक समुदायले अर्को समुदायलाई शंकाको दृष्टिले हेर्न थालेको छ। कुनै पनि बेला फरक समूहको निशानामा पर्न सकिने त्रास धार्मिक बहुसंख्यक र अल्पसंख्यक दुवै समुदायमा बढ्दो छ। धार्मिक अगुवाहरूको भुमिका प्रभावकारी छैन्। राजनीतिक दलहरूको भूमिका पनि शंकास्पद देखिन्छ। गत निर्वाचनमा शक्ति गुमाएकाहरू पर्दापछाडिबाट सरकारसँग बदला लिने र अस्थिरताको फाइदा उठाउने रणनीतिमा देखिन्छन्। सामाजिक सञ्जालमा असंवेदनशील र हिंसा भड्काउने गतिविधि बढेका छन्। नागरिक समाजका अगुवाहरू सडकमा प्रभावकारी रूपमा उपस्थित हुन सकेका छैनन्। राज्यको उपस्थिति बन्दुक र सुरक्षा फौज परिचालनमा मात्र सीमित देखिन्छ। प्रदेश सरकार वक्तव्य जारी गरेर औपचारिकतामै सीमित भएका छन्। स्थानीय जनप्रतिनिधिहरूको भूमिका गौण बनेको छ। राजधानीकेन्द्रित संवाद धरातलीय संवेदनशीलता बुझ्नुभन्दा बौद्धिक छलफलमै सीमित भएको देखिन्छ।

### को छन् सडकमा?

धार्मिक द्वन्द्व भनिए पनि मधेशका जिल्लाका सडकमा वास्तविक आन्दोलनकारी को हुन् भन्ने पहिचान गर्नु आवश्यक छ। सामान्यतया जिल्लाहरूमा बन्दको आह्वान गर्ने समूह हिन्दू धार्मिक संगठनहरू हुन्। उनीहरूले सुनसरी जिल्लाको देवानगञ्जमा एक युवाको मृत्युको विरोधमा आन्दोलनको आह्वान गरेका छन्। उनीहरूको दाबीअनुसार, धार्मिक कार्यक्रममा सहभागी भएका ती युवाको फरक धार्मिक समूहसँग झडप हुँदा स्थानीय प्रशासनले एक पक्षमाथि अन्धाधुन्ध गोली चलाउनु गलत थियो।

सामाजिक सञ्जालमा बहुसंख्यक धार्मिक समुदायमाथि अल्पसंख्यक समुदाय र राज्यका प्रहरी प्रशासन मिलेर दमन गरेको आरोपसहित व्यापक विरोध भइरहेको छ। यसले प्रदेशभरका युवामा आक्रोश बढाएको छ। तर आन्दोलनमा सक्रिय अधिकांश युवा तिनै हुन्, जो हिजोको जेन-जी आन्दोलनमा पनि सहभागी थिए। संगठनमा संकृय भन्दा पनि बेरोजगार युवा, विद्यार्थी र राजनीतिक दलका असन्तुष्ट कार्यकर्ताहरु छन्। अपेक्षाकृत परिपक्व, जिम्मेवार र आन्दोलनलाई शान्तिपूर्ण रूपमा नेतृत्व गर्न सक्ने व्यक्तिहरूको उपस्थिति देखिँदैन। आन्दोलनकारीहरूसँग राज्यले तत्काल सम्बोधन गर्न सक्ने स्पष्ट र संरचित मागहरूको सूची पनि छैन।

उनीहरूको मुख्य माग भने राज्यले धार्मिक द्वन्द्वका घटनामा निष्पक्षता अपनाउनुपर्ने, निर्दोष भनिएका व्यक्तिको मृत्युमा संलग्न प्रहरी अधिकारीमाथि कारबाही गर्नुपर्ने, गैरकानुनी रूपमा सञ्चालित धार्मिक संस्था, संगठन तथा शिक्षण संस्थाहरूको अनुगमन गरी कानुनको दायरामा ल्याउनुपर्ने, धार्मिक गतिविधिमा संलग्न व्यक्ति तथा संस्थाको आर्थिक र प्रशासनिक गतिविधिलाई पारदर्शी बनाउनुपर्ने तथा धर्मको नाममा हुने कुनै पनि उक्साहट, हिंसा वा सामाजिक सञ्जालमार्फत धार्मिक भावना भड्काउने कार्यमा संलग्नलाई तत्काल कारबाही गर्नुपर्ने रहेका छन्।

तर स्थानीय प्रशासनले जिल्लाहरूमा संवादका सबै ढोका बन्द गरी बन्दुकको बलमा कर्फ्यु लगाएर अवस्था नियन्त्रण गर्न खोज्दा युवाहरू झन् आक्रोशित भएका छन्। जिल्ला सदरमुकामबाट सुरु भएको प्रदर्शन र आन्दोलन विस्तारै गाउँ-गाउँसम्म फैलिएको छ।

### मधेशको वास्तविक समस्या

माओवादी जनयुद्धबाट सुरु भएको पहिचानको राजनीति मधेश आन्दोलनसम्म आइपुग्दा यो विषय घर-घरको बहस बनेको छ। मधेशमा पहिचान अहिले अत्यन्त संवेदनशील विषयका रूपमा स्थापित भएको छ। वर्षौंदेखिको एकात्मक राज्य व्यवस्था, असमावेशी शासन प्रणाली, पहिचानका आधारमा हुने विभेद, धार्मिक, जातीय तथा वर्गीय असमानता, अशिक्षा, चरम गरिबी, बेरोजगारी र राजनीतिक अस्थिरताले युवामा गहिरो निराशा पैदा गरेको छ।

राजनीतिक रूपमा जसलाई विश्वास गरियो वा विकल्पका रूपमा हेरियो, ती शक्तिहरूले पनि जनताको वास्तविक आवश्यकता सम्बोधन गर्न सकेनन्। देशभित्रै एउटा प्रकारको विभेद देखिन्छ भने सीमावर्ती क्षेत्रमा अर्को प्रकारको विभेद अनुभव गरिन्छ।

नयाँ संघीय संरचनाअन्तर्गत प्रदेश र स्थानीय सरकारहरूमा देखिएको भ्रष्टाचार, वर्षौंको संघर्षपछि प्राप्त संविधान संशोधनको निरन्तर बहस, विकासको सुस्त गति, बढ्दो बेरोजगारी तथा राज्यप्रतिको घट्दो विश्वासले मधेशका युवामा असन्तुष्टि झन् गहिरिँदै गएको छ।

मधेश वर्षौंदेखि विभेदको शिकार हुँदै आएको छ। नेपालको स्थापना कालदेखि नै लामो समयसम्मको आन्तरिक औपनिवेशीकरण, राज्यबाट भएको संस्थागत विभेद, अशिक्षा, गरिबी, बेरोजगारी तथा स्वयं मधेशभित्रको सामाजिक, जातीय र आर्थिक विविधताबीच विद्यमान विभेदले यहाँ असन्तुष्टिको गहिरो आधार तयार गरेको छ। त्यसैले सामान्य मुद्दा वा अवसरमा उठ्ने आन्दोलनले पनि मधेशका युवालाई छिट्टै आक्रान्त र उत्तेजित बनाउने अवस्था देखिन्छ।

यस्तो संवेदनशील सामाजिक र राजनीतिक पृष्ठभूमिलाई राज्यले सामान्य ढंगले हेर्नु हुँदैन। मधेशमा देखिने हरेक असन्तुष्टिलाई केवल तत्कालीन घटना वा आन्दोलनका रूपमा बुझ्नुको सट्टा त्यसका पछाडि रहेका वास्तविक, संरचनागत र दीर्घकालीन समस्याको पहिचान गर्न आवश्यक छ। ती समस्याको दिगो समाधानका लागि राज्यले तत्कालीन सुरक्षा व्यवस्थापनसँगै दीर्घकालीन नीति, समावेशी विकास, रोजगारी, शिक्षा, सामाजिक न्याय र विश्वास निर्माणमा केन्द्रित ठोस कदम चाल्नुपर्छ।

एक समय मधेशमा विखण्डनकारी एजेन्डाले उल्लेखनीय स्थान बनाएको थियो। त्यसका अगुवाहरू राज्यसँग सम्झौता गरेर शान्तिपूर्ण राजनीतिमा त आए, तर उनीहरूले अघि बढाएको अभियानको प्रभाव आज पनि कुनै न कुनै रूपमा केही समूहमा कायम छ। मधेशकेन्द्रित दलहरूले पहिचानको आन्दोलन उठाए, तर अहिले उनीहरू स्वयं पहिचानको विषयमा मौन देखिन्छन्। यद्यपि, त्यस आन्दोलनले व्यक्तिपिच्छे जगाएको संवेदनशीलता भने कम हुन सकेको छैन।

> मधेशलाई केवल आन्दोलन, सुरक्षा चुनौती वा चुनावी गणितका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ। मधेशका युवाको आक्रोशलाई राज्यविरोधी भावनाका रूपमा मात्र बुझ्नुको स । त्यसमा रहेको असन्तुष्टि, अपेक्षा र परिवर्तनको चाहना बुझ्न आवश्यक छ। अहिले आन्दोलन सामान्य हुँदै गएको अवस्थामा राज्यसँग एउटा महत्वपूर्ण अवसर छ। तनाव मत्थर भएको यो समयलाई अर्को आन्दोलनको प्रतीक्षा गर्ने समय होइन, असन्तुष्टिको मूल कारण पहिचान गरी स्थायी समाधान खोज्ने समय बनाउने।

संघीयता कार्यान्वयनमा आए पनि त्यसअनुरूप प्रभावकारी रूपमा काम गर्न प्रदेश र स्थानीय सरकारहरू अझै सक्षम देखिएका छैनन्। छिमेकी देश भारत र बंगलादेशमा धार्मिक ध्रुवीकरण तथा द्वन्द्व बढ्दै गएको छ। त्यहाँ धर्मलाई खुला रूपमा राजनीतिक मुद्दा बनाइन्छ। मधेशका नागरिकहरूले पनि छिमेकी मुलुकलगायत संसारका विभिन्न भागमा हुने धार्मिक हिंसा र राजनीतिलाई सहजै आफ्नो सन्दर्भसँग जोडेर हेर्ने, समर्थन वा विरोध गर्ने प्रवृत्ति देखिन्छ।

### असंवेदनशील संदेश

वर्तमान राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बनेको सरकार जेन-जी आन्दोलनका क्रममा भएको राजनीतिक उथलपुथलपछि सत्तामा आएको सरकार हो। त्यस घटनाले सामान्य जनमानसमा हिंसात्मक आन्दोलन नै सत्तामा पुग्ने सहज माध्यम हो भन्ने सन्देश पनि दिएको छ। सरकारले यस धारणालाई गलत सावित गर्दै आफू केवल आन्दोलनको परिणाम मात्र नभई वास्तवमै परिवर्तन र विकासको पक्षधर हो भन्ने विश्वास दिलाउनुपर्ने आवश्यकता थियो।

अहिलेसम्म युवामाझ र सामाजिक सञ्जालमा सबैभन्दा लोकप्रिय राजनीतिक व्यक्तित्व प्रधानमन्त्री बालेन्द्र शाह देखिन्छन्। गत निर्वाचनमा उनले आफ्नो चुनावी अभियान जनकपुरस्थित जानकी मन्दिरबाट सुरु गरेका थिए। त्यसपछि देशका विभिन्न भागमा पुग्दा पनि सकेसम्म धार्मिक स्थल, मठ-मन्दिरको भ्रमण गरे, जसका कारण उनी धर्मको राजनीतिबाट पूर्ण रूपमा टाढा रहन सकेनन् भन्ने आलोचना पनि सुनिन्छ।

सरकार गठन भएको केही समयमै पर्याप्त कानुनी आधारबिना प्रतिशोधको राजनीतिक शैली देखिएको आरोप लाग्न थाल्यो। आफ्ना राजनीतिक विरोधी तथा पूर्वप्रधानमन्त्री र पूर्वमन्त्रीहरूमाथि कारबाहीलाई प्राथमिकता दिइयो। गृहमन्त्री सुदन गुरुङ पनि एकपछि अर्को ठूला नेतामाथि कारबाही गरेको गन्ती सुनाउनमै बढी केन्द्रित देखिए। सरकारका केही मन्त्रीहरूले सार्वजनिक रूपमा 'कुट्नुपर्छ' भन्ने अभिव्यक्ति दिँदै धम्कीपूर्ण राजनीतिक भाषा प्रयोग गरेका छन्। प्रधानमन्त्रीको नेतृत्वमा सरकार संवादहीन बन्दै गएको आरोप पनि लागिरहेको छ।

प्रहरी प्रशासनले विगतका सरकारहरूको पालामा दोहोरिएका कमजोरीहरू सच्याउन सकेको देखिँदैन। सामान्य विवाद वा प्रदर्शनका क्रममा पनि गोली चलाएर नागरिकको ज्यान जाने घटना रोकिएका छैनन्। सञ्चार क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाजका संस्थाहरूलाई संस्थागत रूपमा कमजोर बनाउने प्रवृत्ति पनि बढ्दो छ। प्रहरी प्रमुखले सार्वजनिक रूपमा विभिन्न देशका धार्मिक समूह नेपालमा प्रवेश गरिरहेको अभिव्यक्ति दिएका छन्। यस्ता गतिविधिले प्रतिशोधको राजनीति, हिंसात्मक आन्दोलन, धार्मिक कट्टरता र राज्यको असंवेदनशीलतालाई अप्रत्यक्ष रूपमा पृष्ठपोषण गरिरहेका छन्।

नागरिकले राज्यको चरित्र हरेक निर्णय, व्यवहार र गतिविधिमार्फत निरन्तर मूल्याङ्कन गरिरहेको हुन्छ। जब राज्यका कुनै निर्णय वा गतिविधिले नागरिकको भावना र पहिचानमा चोट पुर्‍याउँछ, तब उनीहरू लामो समय मौन रहँदैनन्।

### संवादहीनताले बढाएको सन्देह

वर्तमान सरकारले संवाद र छलफललाई अपेक्षित महत्व दिएको देखिँदैन। लोकतन्त्रका आधारभूत मूल्य-मान्यता तथा राज्य सञ्चालनका स्थापित लोकतान्त्रिक अभ्यासलाई सरकारले पूर्ण रूपमा आत्मसात् गर्न सकेको छैन। यदि पुराना परम्परा तोड्ने नै हो भने नेपाली समाजमा विद्यमान गरिबी, बेरोजगारी, सामाजिक विभेद र बहिष्करणजस्ता संरचनागत समस्याको अन्त्यतर्फ केन्द्रित हुनुपर्थ्यो। तर त्यसको सट्टा नागरिक समाजका संस्थालाई कमजोर बनाउने, प्रतिनिधिसभा र विपक्षी दलको भूमिकालाई गौण ठान्ने तथा राजनीतिक शक्तिहरूसँग पर्याप्त संवाद नगर्ने प्रवृत्ति देखिएको छ।

विभिन्न नियुक्तिहरूमा नातावाद, कृपावाद र दलनिकट व्यक्तिलाई प्राथमिकता दिने पुरानै राज्य प्रवृत्तिको निरन्तरता देखिएको आरोप पनि लाग्दै आएको छ। सरकारले छिमेकी मुलुकहरूसँग सम्बन्ध विस्तारको प्रयास गरे पनि काठमाडौंबाहिरका नागरिक र प्रदेशसँग प्रत्यक्ष संवाद स्थापित गर्न सकेको देखिँदैन। प्रधानमन्त्री स्वयंले पनि देशका विभिन्न क्षेत्रका नागरिक, नागरिक समाज र सरोकारवाला संस्थाहरूसँग नियमित संवादको वातावरण बनाउन सकेका छैनन्। यस्तो संवादहीनताले राज्यप्रति अविश्वास बढाउनुका साथै देशविरोधी तथा अतिवादी शक्तिहरूलाई चलखेल गर्ने अवसर दिन सक्छ। साथै, सत्ताबाहिर रहेका राजनीतिक शक्तिहरूले पनि यस्तो अवस्थाको फाइदा उठाउँदै राजनीतिक अस्थिरता सिर्जना गर्ने प्रयास गर्न सक्छन्।

### अब को बाटो ?

अहिले मधेशमा देखिएको आन्दोलनको तीव्रता केही कम भएको छ। गृह प्रशासनले जिल्लास्तरमा आन्दोलनरत पक्ष तथा स्थानीय सरोकारवालासँग वार्ता र सहमतिको प्रयास पनि थालेको छ। तत्कालका लागि यस्ता प्रयासले तनाव कम गर्न र अवस्था सामान्य बनाउन सहयोग गर्न सक्छन्। तर जिल्लास्तरमा गरिने वार्ता, केही माग सम्बोधन गर्ने सहमति वा सुरक्षा व्यवस्थापनले मात्र मधेशमा पटक-पटक देखिने असन्तुष्टिको दीर्घकालीन समाधान गर्न सक्दैन। अहिलेको शान्तिलाई समस्याको अन्त्यका रूपमा होइन, दीर्घकालीन समाधान खोज्ने अवसरका रूपमा लिन आवश्यक छ।

मधेशमा अहिले देखिएको तनावलाई केवल धार्मिक द्वन्द्वका रूपमा बुझ्नु समस्याको सतही व्याख्या हुनेछ। धार्मिक असहिष्णुता र साम्प्रदायिक उत्तेजना तत्काल देखिएको कारण हुन सक्छन्, तर यसको पछाडि वर्षौंदेखि सञ्चित सामाजिक, राजनीतिक, आर्थिक र मनोवैज्ञानिक असन्तुष्टि पनि उत्तिकै जिम्मेवार छन्। पहिचान र सम्मानको प्रश्न, राज्यप्रतिको अविश्वास, अशिक्षा, गरिबी, बेरोजगारी, सामाजिक विभेद तथा संघीयता कार्यान्वयनप्रतिको निराशाले मधेशका युवामा असन्तुष्टिको आधार विस्तार गरेको छ। त्यसैले अहिलेको आन्दोलन सामान्य हुँदै गयो भन्दैमा राज्यले समस्या पनि समाधान भयो भन्ने निष्कर्ष निकाल्नु हुँदैन।

मधेशको संवेदनशीलता बुझ्नु भनेको कुनै एक समुदायको पक्ष वा विपक्षमा उभिनु होइन। मधेशको सामाजिक संरचना विविधतापूर्ण भएकाले यहाँको स्थायी शान्ति धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र सबै समुदायको समान सुरक्षा तथा सम्मानमा निर्भर गर्छ। विगतमा धार्मिक अल्पसंख्यक समुदायबाट आएका मुख्यमन्त्रीले पाँच वर्षे कार्यकाल पूरा गर्न सकेको तथ्यले पनि मधेशको सामाजिक सम्बन्धलाई केवल धार्मिक द्वन्द्वको चस्माबाट हेर्न नहुने देखाउँछ। अहिलेको चुनौती भनेको यही परम्परागत सहिष्णुतालाई राजनीतिक स्वार्थ, धार्मिक कट्टरता र सामाजिक सञ्जालमार्फत फैलिने घृणाले कमजोर हुन नदिनु हो।

त्यसैले अहिलेको प्राथमिकता संवादलाई घटना व्यवस्थापनको साधनबाट दीर्घकालीन विश्वास निर्माणको माध्यममा बदल्नु हो। गृह प्रशासनले जिल्लास्तरमा थालेका वार्ता र सहमतिको प्रयासलाई निरन्तरता दिँदै त्यसलाई प्रदेश र संघीय तहसम्म विस्तार गर्न आवश्यक छ। राजनीतिक दल, आन्दोलनमा सहभागी युवा, धार्मिक अगुवा, नागरिक समाज, स्थानीय जनप्रतिनिधि तथा अन्य सरोकारवालालाई समेत समेटेर नियमित संवादको संस्थागत संयन्त्र निर्माण गर्नुपर्छ। वार्ता केवल तत्कालको बन्द, प्रदर्शन वा विवाद रोक्ने विषयमा सीमित हुनु हुँदैन; मधेशमा बारम्बार उठ्ने पहिचान, सुरक्षा, विभेद, रोजगारी, विकास र राज्यप्रतिको विश्वासका प्रश्नलाई पनि त्यसको हिस्सा बनाउनुपर्छ।

त्यसैगरी, राज्यले आफ्ना कमजोरीप्रति आत्मसमीक्षा गर्दै सुरक्षा निकायबाट हुने अनावश्यक बल प्रयोग र नागरिकको ज्यान जाने घटनामा जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। धार्मिक घृणा, साम्प्रदायिक उत्तेजना र हिंसा भड्काउने गतिविधिमाथि बहुसंख्यक वा अल्पसंख्यकको आधारमा होइन, कानुनको समान र निष्पक्ष प्रयोग हुनुपर्छ। धर्मका नाममा हुने गैरकानुनी तथा अपारदर्शी गतिविधिको नियमन पनि समान कानुनी मापदण्डका आधारमा गरिनुपर्छ।

तर तत्काल शान्ति कायम गर्नु मात्र पर्याप्त हुँदैन। मधेशमा पटक-पटक उत्पन्न हुने असन्तुष्टिको मूल कारण सम्बोधन नगरेसम्म यस्ता तनाव फरक-फरक स्वरूपमा पुनः दोहोरिन सक्छन्। त्यसैले राज्यले मधेशका संरचनागत समस्यालाई गम्भीरतापूर्वक पहिचान गरी शिक्षा, रोजगारी, आर्थिक अवसर, सामाजिक समावेशीकरण र प्रभावकारी संघीय शासनमा दीर्घकालीन लगानी गर्नुपर्छ। प्रदेश र स्थानीय सरकारलाई अधिकार मात्र होइन, त्यसअनुसार काम गर्ने क्षमता, स्रोत र जवाफदेहिता पनि सुनिश्चित गर्न आवश्यक छ।


अन्ततः मधेशलाई केवल आन्दोलन, सुरक्षा चुनौती वा चुनावी गणितका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ। मधेशका युवाको आक्रोशलाई राज्यविरोधी भावनाका रूपमा मात्र बुझ्नुको सट्टा त्यसमा रहेको असन्तुष्टि, अपेक्षा र परिवर्तनको चाहना बुझ्न आवश्यक छ। अहिले आन्दोलन सामान्य हुँदै गएको अवस्थामा राज्यसँग एउटा महत्त्वपूर्ण अवसर छ। तनाव मत्थर भएको यो समयलाई अर्को आन्दोलनको प्रतीक्षा गर्ने समय होइन, असन्तुष्टिको मूल कारण पहिचान गरी स्थायी समाधान खोज्ने समय बनाउने।

मधेशमा दीर्घकालीन शान्ति बन्दुकको बलमा होइन, विश्वास, संवाद, न्याय, समान अवसर र सम्मानको विस्तारबाट मात्र सम्भव छ। त्यसैले अहिलेको सबैभन्दा ठूलो आवश्यकता आन्दोलनलाई दबाउनु वा तत्कालीन मागमा सहमति गरेर अघि बढ्नु मात्र होइन; राज्य र मधेशबीच वर्षौंदेखि कमजोर हुँदै आएको विश्वास पुनः निर्माण गर्नु हो। यही विश्वास निर्माणले मात्र आजको सामान्य अवस्थालाई दिगो शान्ति र स्थायित्वमा रूपान्तरण गर्न सक्छ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आम्दानीका नयाँ बाटाहरु फेला पर्नेछन् र आर्थिक स्थिति बलियो हुनेछ।
वृष : नोकरी वा व्यवसायमा ठुलो प्रगति हुनेछ।
मिथुन : भाग्यले साथ दिने हुनाले सोचेका कामहरु सहजै बन्नेछन्।
कर्कट : कार्यक्षेत्रमा केही चुनौती वा वादविवादको सामना गर्नुपर्ला।
सिंह : वैवाहिक जीवन र प्रेम सम्बन्धमा नयाँ मिठास आउनेछ।
कन्या : तपाईका विरोधी वा कुरा काट्नेहरु आफै किनारा लाग्नेछन्।
तुला : बौद्धिक र रचनात्मक काममा ठुलो सफलता मिल्नेछ।
वृश्चिक : आमाको स्वास्थ्यको विशेष ख्याल राख्नुहोला।
धनु : तपाईको कार्यक्षमता र हिम्मतको सबैले प्रशंसा गर्नेछन्।
मकर : बैंक ब्यालेन्स बढ्नेछ र भौतिक सुख-सुविधाका साधन जुट्नेछन्।
कुम्भ: आत्मबल निकै उच्च रहनेछ।
मीन: खर्चको मात्रा अलि बढ्न सक्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हुलाकी सकडको ९० प्रतिशत बढी सडक कालोपत्रे

**टुडे समाचारदाता**

जनकपुरधाम । हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्मकोनिर्माणकार्यअन्तिम चरणमा पुगेको दाबी गरिएको छ । यस खण्डमा २४ वटा पुल निर्माण भइसकेका छन् भने ९० प्रतिशतभन्दा बढी सडक कालोपत्रे भएको छ ।



हुलाकी राजमार्ग निर्देशनालयका अनुसार सिरहादेखि सर्लाहीसम्मको ४०६ दशमलव ४३ किलोमिटरमध्ये ३४७ दशमलव ६३ किलोमिटरमा कालोपत्र भएको छ। धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिरहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन् । कालोपत्र गर्न बाँकी ५८ दशमलव ८ किलोमिटर सडकमध्ये १२ दशमलव ८ किलोमिटर सडकको ठेक्का प्रक्रिया प्रारम्भ भइसकेको हुलाकी राजमार्ग जनकपुरधामले जनाएको छ।

चालु आर्थिक वर्षमा परियोजना पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले बताए । सिरहामा २९ दशमलव ९८, महोत्तरीमा ९१ दशमलव ५६,सर्लाहीमा १५१ दशमलव ५१ किलोमिटर निर्माण भएको छ। निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम हुलाकी राजमार्ग एक हजार ७९२ किलोमिटर लामो हुनेछ।

# पुल निर्माणको सांसद साहले गरे निरिक्षण



**टुडे समाचारदाता**

राजविराज । आर्थिक वर्ष २०८३-८४ को योजना तथा बजेटमा समावेश भएका पाँच वटा पुल निर्माण योजनाको सप्तरी निर्वाचन क्षेत्र नं. ४ का सांसद सीताराम साहले प्रारम्भिक स्थलगत सर्वेक्षण गरेका छन् ।

स्थानीय पूर्वाधार विकास आयोजनाका प्राविधिक इञ्जिनियरसहित सांसद साहले खडक नगरपालिका -१ स्थित ब्रम्हटोल नजिकको चापिन नदी, दुहबी नजिकको बेरागो नदी, माध्यमिक विद्यालय सिस्वानजिकको चापिन नदी, लालपुर र बरहालाई जोड्ने खडक नदी तथा कल्याणपुर बजार र मझाउलाई जोड्ने खडक नदीमा निर्माण गरिने पुलका लागि प्रारम्भिक सर्वेक्षण गरेका हुन् ।

स्थलगत सर्वेक्षणका क्रममा स्थानीय समाजका अगुवा, बुद्धिजीवी, जनप्रतिनिधि, ग्रामवासी तथा उपभोक्ताको उल्लेखनीय सहभागिता रहेको थियो । सर्वेक्षणको क्रममा स्थानीयवासीले पुल निर्माणको आवश्यकताबारे आफ्ना धारणा राख्दै निर्माण कार्य शीघ्र अघि बढाउन आग्रह गरेका छन्।

सम्बन्धित स्थानमा हालसम्म पुल नहुँदा विशेषगरी वर्षायाममा आवत-जावत कष्टकर हुने गरेको स्थानीयहरुको भनाई छ । उनीहरुका अनुसार पैदलयात्रीदेखि सवारीसाधन सञ्चालनसम्म प्रभावित हुने गरेको छ । बिरामीलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन, सुत्केरीको उद्धार गर्न तथा आगलागीजस्ता विपद्का बेला उद्धार तथा राहत कार्यमा समस्या हुने गरेको स्थानीय कारी मण्डलले बताए ।

यस्तै लालपुरका स्थानीय मनोजकुमार साहले पुल अभावका कारण वर्षायाममा दैनिक जनजीवन प्रभावित हुने गरेको बताए । उनले भने यी पुल निर्माण भएपछि स्थानीयवासीको आवत-जावत सहज हुनुका साथै शिक्षा, स्वास्थ्य, कृषि तथा व्यापारिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्नेछ ।

## नाबालिक जबर दस्तीकरणीमा एक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । घरमा काम गर्दै आएकी नाबालिकामाथि जबर्जस्ती करणी गरेको आरोपमा वीरगन्जबाट एक युवकलाई पर्सा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका-१३ का २८ वर्षीय निखिलसिंह राजपुत रहेको जनाइएको छ ।

प्रहरीका अनुसार पीडित नाबालिका केही समयदेखि आरोपित राजपुतको घरमा घरायसी काम गर्दै आएकी थिइन् । नाबालिकामाथि जबर्जस्ती करणी भएको विषयमा लिखित उजुरी परेपछि प्रहरी टोलीले



अनुसन्धान प्रक्रिया अगाडि बढाउँदै आरोपितलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी चक्रबहादुर मल्लले आरोपितविरुद्ध बालबालिकासम्बन्धी कसुर अन्तर्गत मुद्दा दर्ता गरी अदालतबाट म्याद थप गरेर हिरासतमा राखिएको जानकारी दिएका छन् ।

प्रहरीले घटनाको गम्भीरतालाई ध्यानमा राख्दै सबै पक्षबाट सूक्ष्म अनुसन्धान भइरहेको र कानुनी प्रक्रिया बमोजिम कडा कारबाही अगाडि बढाइने जनाएका छन् ।

## नेपाल वायुसेवा निगमको सञ्चालन व्यवस्थापनमा सुधार

काठमाण्डु । नेपाल वायुसेवा निगमले नयाँ नेतृत्व पाएसँगै संस्थागत सुधार कार्यले गति लिन थालेको छ। व्यवस्थापकीय सुधार, कार्यसम्पादनमा जवाफदेहिता र व्यावसायिक दृष्टिकोणलाई प्राथमिकतामा राखेसँगै निगमको आम्दानी, सिट उपयोगिता तथा सञ्चालन व्यवस्थापनमा सुधार देखिएको हो ।

गत जेठ ५ गते खुला प्रतिस्पर्धाबाट छनोट भएका पाँच जना स्वतन्त्र सञ्चालक तथा मन्त्रालयका दुई प्रतिनिधिसहित निगममा सात सदस्यीय सञ्चालक समिति गठन गरिएको थियो । गत असार ३० गतेको मन्त्रिपरिषद् निर्णयबाट हवाई सेवा क्षेत्रका विज्ञ महेश्वरभक्त श्रेष्ठलाई महाप्रबन्धकसहित कार्यकारी अध्यक्षमा नियुक्त गरिएको थियो ।

कार्यकारी अध्यक्षको जिम्मेवारी सम्हालेपछि श्रेष्ठले तीन वर्षभित्र निगमलाई आत्मनिर्भर बनाउने लक्ष्य सार्वजनिक गर्नुभएको थियो । उहाँले जिम्मेवारी सम्हालेको पहिलो १५ दिनमा सञ्चालक समितिको तीनवटा बैठकसहित विभिन्न छलफल आयोजना गरी संस्थागत सुधारका कार्ययोजना, प्राथमिकता र रणनीति तय गरिएको जानकारी दिनुभयो ।


गत आर्थिक वर्षको असार महिनाको तुलनामा यस वर्षको असारमा निगमको आम्दानी करिब ३२ प्रतिशतले वृद्धि भएको निगमले जनाएको छ। गत वर्ष असारमा करिब ७५ प्रतिशत सिट उपयोगिता थियो भने यस वर्षको असारमा यो बढेर ८५ दशमलव चार प्रतिशत पुऱ्याउन सफल भएको निगमले जनाएको छ।

निगमले उपलब्ध स्रोत, साधन र जनशक्तिको प्रभावकारी परिचालनमार्फत आम्दानी वृद्धि, अनावश्यक खर्च नियन्त्रण तथा सेवा विस्तारलाई प्राथमिकताका साथ अघि बढाएको छ। आगामी दिनमा सेवा सञ्जाल विस्तार, सञ्चालन दक्षता अभिवृद्धि र वित्तीय अनुशासनलाई थप सुदृढ बनाइने तयारी गरिएको छ ।रासस

# श्रोत नखुलेको रकमसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज ।स्रोत नखुलेको प्रतिबन्धित भारतीय रुपैयाँसहित पर्सा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।



जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार आइतबार दिउँसो करिब ३:५० बजे इलाका प्रहरी कार्यालय जानकीटोलाबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा जगरनाथपुर गाउँपालिका-२ स्थित नहर सडकखण्डमा ना.१० प ४४६९ नम्बरको मोटरसाइकल रोकी जाँच गरेको थियो ।

जाँचका क्रममा मोटरसाइकलमा सवार मकवानपुर राक्सिराङ गाउँपालिका-२ का ४२ वर्षीय दिपेश हिमदुङ र २६ वर्षीय तिलक हिमदुङको साथबाट स्रोत नखुलेको प्रतिबन्धित भारतीय मुद्रा बरामद गरिएको प्रहरीले जनाएको छ। उनीहरू हाल चितवनको माडी नगरपालिका-९, हनुमानझुलामा बस्दै आएका छन् । प्रहरीका अनुसार उनीहरूको साथबाट भारतीय ५०० दरका ३१६ थान, २०० दरका ७५ थान र १०० दरका ३६५ थान गरी कुल भारतीय २ लाख ९ हजार ५०० रुपैयाँ बरामद भएको छ ।

बरामद गरिएको भारतीय मुद्रा तथा मोटरसाइकल नियन्त्रणमा लिई दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिएका छन् ।

# लागुऔषधसहित विभिन्न स्थानबाट १४ जना पक्राउ

काठमाण्डु । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित १४ जनालाई पक्राउ गरेको छ ।



केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार झापाको कनकाई र दमक, कैलालीको टीकापुर, मोरङ, सुर्खेत तथा दाङका विभिन्न स्थानबाट उनीहरू पक्राउ परेका हुन् ।

झापाको कनकाई नगरपालिका-२ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ १०२ ग्राम ३१० मिलिग्राम, चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोल सात हजार २०० ट्याब्लेट र नाइट्राभेट सात हजार ४५० ट्याब्लेटसहित भारतको विहार राज्य, अररिया जिल्ला, कुरसाकट्टा-८ छिप्टिया टोलका २७ वर्षीय अझर अन्सारी र कुरसाकट्टा-७ तकियाटोलका २८ वर्षीय मोहम्मद एजवाललाई शनिबार पक्राउ गरिएको हो ।

यसैगरी, झापाको दमक नगरपालिका-५ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ५२० मिलिग्राम र नियन्त्रित लागुऔषध ट्रामाडोल चार हजार ९६० ट्याब्लेटसहित सुनसरीको इटहरी उपमहानगरपालिका-२० तरहराका ३४ वर्षीय बुद्ध राई, मोरङको मिक्लाजुङ गाउँपालिका-२ की २३ वर्षीया रोमी लिम्बू तथा झापाको दमक नगरपालिका-७ का २९ वर्षीय करण मल्लिक पक्राउ परेका छन् ।

कैलालीको टीकापुर नगरपालिका-१ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ४३० मिलिग्रामसहित सोही ठाउँका २० वर्षीय क्रिस शर्मालाई पक्राउ गरिएको छ । यसैगरी, टीकापुर नगरपालिका-९ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ७९० मिलिग्रामसहित टीकापुर नगरपालिका-७ बेलुवाका ३० वर्षीय तेज बुढा पक्राउ परेका छन् ।

मोरङको लेटाङ नगरपालिका-२ धोबीकी २७ वर्षीया प्रमिला लामालाई ट्रामाडोल १५० ट्याब्लेट र स्पास्पेन १५० ट्याब्लेटसहित पक्राउ परेका छन् । मोरङको पथरीशनिश्चरे नगरपालिका-१० आदर्श टोलबाट ट्रामाडोल १९ ट्याब्लेट, डाइक्लोमाइन २८ ट्याब्लेट र नगद रु १३ हजार ७७५ सहित पथरीशनिश्चरे नगरपालिका-१ सुन्दर बस्तीका २७ वर्षीय मिका खत्री र २७ वर्षीया कृष्टि भन्ने बन्दना माखिमलाई पक्राउ गरिएको छ ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९ लाटिकोइलीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ ७२० मिलिग्रामसहित सोही ठाउँका २४ वर्षीय रोहित घिसिङ, सोही नगरपालिका-४ जिरो ड्यामबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ५०० मिलिग्रामसहित सोही ठाउँका २८ वर्षीय लोकेन्द्रबहादुर रावल तथा वीरेन्द्रनगर नगरपालिका-२ भुरेली गाउँबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ २१० मिलिग्रामसहित सोही ठाउँका ३१ वर्षीय चित्र थापालाई पक्राउ गरिएको छ।

यसैगरी, दाङको घोराही उपमहानगरपालिका-१३ सिजस्वर्ग टोलका १७ वर्षीय किशोरलाई खैरो हेरोइनजस्तो देखिने पदार्थ पाँच ग्राम ११० मिलिग्राम, नगद रु ७४ हजार र एक थान डिजिटल तराजुसहित पक्राउ गरिएको छ। रासस

# वडा कार्यालय तथा स्वास्थ्यचौकी भवन निर्माण

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका-२६ स्थित इनर्वामा वडा कार्यालय तथा स्वास्थ्यचौकी भवन निर्माण गरिएको छ।




यहाँ आयोजित एक कार्यक्रमबीच शनिबार वीरगञ्ज महानगरपालिकाका कार्यवाहक नगरप्रमुख इम्तियाज आलमले दुवै भवनको उदुघाटन गर्नुभयो । उहाँले नवनिर्मित वडा कार्यालय र स्वास्थ्यचौकी भवनले सेवा प्रवाहमा सहज हुने बताउनुभयो । आफू वडा नं २६ को जनता तथा वडा कार्यालयलाई सहयोग गर्न सधैं तयार रहेको आलमले बताउनुभयो।

वीरगञ्ज-२६ का वडाध्यक्ष शम्भु मिश्राले महानगरपालिकास्तरीय योजनाअन्तर्गत वडा कार्यालय भवन र प्रदेशको योजनाअन्तर्गत स्वास्थ्यचौकी भवन निर्माण भएको बताउनुभयो । ती भवन रु एक करोड १० लाखको लागतमा निर्माण भएका हुन् । वडाध्यक्ष मिश्राले वडा कार्यालयसँगै निर्माण भएको स्वास्थ्यचौकी भवनले एउटै ठाउँबाट वडावासीले सेवा पाउन सहज हुने बताउनुभयो। रासस


मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

**पूर्वाधार विकास निर्देशनालय**

**जनकपुरधाम, धनुषा**

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।१८**

यस निर्देशनालयको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


# सेनाद्वारा ३२ सडक आयोजना सम्पन्न, चौध सय किलोमिटर सडक निर्माण

काठमाण्डु । नेपाली सेनाले जटिल भूबनोट भएका ३२ सडक आयोजनाका सम्पन्न गरी एक हजार ४११.५४ किलोमिटर सडक निर्माण गरेको छ । सेनाको व्यवस्थापनमा हालसम्म कान्ति लोकमार्ग, कर्णाली राजमार्ग, जाजरकोट-डोल्पा, बैंसीसहर-चामे, कालीगण्डकी करिडोर, कर्णाली करिडोरलगायत आयोजना सम्पन्न भइसकेका छन् ।




सरकारले दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने क्रममा कठिन भौगोलिक बनावट, कडा चट्टानयुक्त भिर तथा निर्माण गर्न कठिन मानिएका सडकखण्डको जिम्मा सेनालाई प्रदान गर्दै आएको छ। सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेत सीमित स्रोतसाधन, प्रतिकूल मौसम तथा जटिल भूबनावटको बाबजुद सेनाले यस्ता राष्ट्रिय गौरव तथा प्राथमिकताका सडक आयोजना सफलतापूर्वक कार्यान्वयन गर्नुका साथै वार्षिक 'माइलस्टोन' शतप्रतिशत पूरा गर्दै राष्ट्र निर्माणमा उल्लेखनीय योगदान पुर्याइरहेको बताउनुहुन्छ ।

पूर्वी नेपालको रणनीतिक महत्वको खाँदबारी-किमाथाङ्का (च्याम्ताङ्ग-घोङ्गप्पा) सडक आयोजनाअन्तर्गत सेनाले १०.५१ किलोमिटर सडक निर्माण सम्पन्न गरी गत वैशाख २८ गते सडक विभागलाई हस्तान्तरण गरेको छ। यस आयोजनाले किमाथाङ्का क्षेत्रमा स्थानीय विकास तथा भविष्यमा व्यापारिक गतिविधि प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ।

हाल सेनाले मुख्यगरी कर्णाली करिडोर, दार्चुला-टिङ्कर र बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ गरी तीन सडकमार्ग निर्माण गरिरहेको छ। महाकाली करिडोरअन्तर्गत दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर) सडक आयोजना क्षेत्रमा ७९ किलोमिटर सडक निर्माणको कार्य हुँदै आएको छ।

अत्यन्त कठिन हिमाली भूभाग, कडा चट्टानयुक्त भिर तथा प्रतिकूल मौसमका बाबजुद १९.८० किलोमिटर सडक निर्माण गरी आर्थिक वर्ष २०८२/८३ को शतप्रतिशत कार्य सम्पन्न भएको सेनाले जनाएको छ । हालसम्म उक्त आयोजनाको भौतिक प्रगति २५.०६ प्रतिशत छ।

बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक आयोजनाले मनास्लु संरक्षण क्षेत्रभित्र पर्ने ९२ किलोमिटर जिम्मेवारी क्षेत्रमध्ये हावाडाँडा-दोभान सडक खण्ड (१८ किमी) निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकेको छ । आव २०८२/८३ सम्म सो आयोजनाको ४०.८ किमी (४४.३५ प्रतिशत) भौतिक प्रगति हासिल भएको छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कर्णाली करिडोर सेनाले निर्माण गरिरहेको प्रमुख सडक आयोजना हो । हुम्लाको हिल्सादेखि बाँकेको जमुनाहासम्म फैलिएको ६८२ किलोमिटर लामो सो करिडोरअन्तर्गत लालीबगर-दुल्लिकुन्ना तथा घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला गरी २२.०५ किलोमिटर सडक सेनाले निर्माण गर्दै आएको छ।

लालीबगर-दुल्लिकुन्ना खण्डको ट्र्याक निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकिएको छ । घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्डमा निर्माण जारी छ । आव २०८२/८३ सम्म १९ किलोमिटर सडक निर्माण गरी शतप्रतिशत कार्य सम्पन्न गरेको छ।

समग्रमा हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ८६.१७ प्रतिशत हासिल भएको छ । कर्णाली करिडोरले राष्ट्रिय सडक सञ्जालसँग हुम्लालाई जोड्नका लागि नेपाली सेनाले हिल्सा-सिमकोट सडकखण्डको खार्पुनाथ गाउँपालिका-५ स्थित चुवाखोलामा गत आसार २२ गते बेलिब्रिज जडान गरेको थियो । त्यसबाट कर्णालीको हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्दै राष्ट्रको आर्थिक तथा सामरिक महत्वलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको सेनाले जनाएको छ।

संविधानप्रदत्त जिम्मेवारी निर्वाह गर्ने सिलसिलामा सेनाले राष्ट्रिय गौरव तथा प्राथमिकता र दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने आयोजनामा नयाँ ट्र्याक निर्माण, ट्र्याक स्तरोन्नति, आवश्यक पूर्वाधार निर्माण तथा सम्बन्धित निकायलाई हस्तान्तरणसम्मका कार्य निर्धारित मापदण्डअनुसार सञ्चालन गर्दै आएको छ।

ती आयोजनाको मूल उद्देश्य दुर्गम तथा रणनीतिक महत्वका सडकखण्ड निर्माण गरी राष्ट्रिय सडक सञ्जाल विस्तार गर्नु तथा सामाजिक, आर्थिक विकास र राष्ट्रिय सुरक्षालाई दीर्घकालीन रूपमा सुदृढ बनाउनु हो। रासस

# गृहमन्त्री गुरुङले गरे जानकी मन्दिर र टुटेश्वरनाथमा पुजा



**टुडे समाचारदाता**

जनकपुरधाम । गृहमन्त्री सुधन गुरुङले आइतवार जनकपुरधामस्थित प्रसिद्ध जानकी मन्दिर र महोत्तरीको बर्दिबास नगरपालिका-५ मा रहेको टुटेश्वरनाथ महादेव मन्दिरमा विशेष पूजा गरेका छन् ।

देशमा शान्ति, सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको कामना गर्दै गृहमन्त्री गुरुङले आइतबार बिहानै जानकी मन्दिर र टुटेश्वरनाथ महादेव मन्दिरमा विशेष पूजा-अर्चना गरेका हुन् ।

जानकी मन्दिरमा उनले रास्वपाका नेता कार्यकर्ताहरुको लावालस्कर सहित पूजापाठ गर्न पुगेका थिए । उनी अन्य मन्त्री र नेता जस्तै भिआईपीको रुपमा नभई आम नागरिक सरह श्रद्धालु लाईनमै बसेर माता जानकीको पूजाआजा गरेका थिए । मन्दिरमा पूजाआजा पश्चात जानकी मन्दिरको अवस्था बारे जानकारी उनले लिएका थिए ।

उता टुटेश्वरनाथ मन्दिरमा समेत पूजापछि उनले साउन महिनाभर सञ्चालन भइरहेको धार्मिक मेलाको सुरक्षा व्यवस्था, भीड व्यवस्थापन र श्रद्धालुलाई प्रदान गरिएका सेवा सुविधाबारे समेत जानकारी लिएका थिए ।

टुटेश्वरनाथ मन्दिरका पुजारी श्रीचन दासले गृहमन्त्रीबाट विशेष पूजा सम्पन्न गराएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजाराम यादवले बताए । उनका अनुसार भ्रमणका क्रममा टुटेश्वरनाथ महादेव मन्दिरको धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वबारे गृहमन्त्रीलाई जानकारी गराइएको थियो ।

मन्दिरको संरक्षण, प्रवर्द्धन र विकासका लागि पुरातात्विक अध्ययन आवश्यक रहेको विषयमा समेत उनको ध्यानाकर्षण गराइएको अध्यक्ष यादवले बताए ।

साउन महिनाभर 'नेपालको बाबाधाम'का रुपमा परिचित टुटेश्वरनाथ महादेव मन्दिरमा नेपाल र भारतका लाखौं श्रद्धालु जल चढाउन आउने गर्छन् । यस अवधिमा यहाँ लाग्ने धार्मिक मेलाले टुटेश्वरधामलाई मधेशकै प्रमुख तीर्थस्थलका रुपमा स्थापित गरेको छ ।

मन्दिर दर्शनपछि गृहमन्त्री गुरुङ टुटेश्वरधाम परिसरस्थित श्री रत्न छोलिङ गुम्बासमेत पुगेका थिए । त्यहाँ उनले गौतम बुद्धको प्रतिमा ढोग्दै शान्तिको कामना गरेका थिए ।

आन्दोलनको पीडा :

# गोलबजारका तीन व्यवसायी पसल खरानी, करोडौंको क्षति

**आफ्नो आर्थिक अवस्थाबारे जानकारी दिँदै खानले गोलबजार नगरपालिका-११ बलकावास्थित जग्गा बन्धकी राखेर एनआईसी एशिया बैंकबाट २ करोड ८ लाख रुपैयाँ कर्जा लिई व्यापार विस्तार गरेको पीडा सुनाए । यस्तै एबी मलमा पनि करोडौ रुपैयाको धनमाल जलेर नष्ट भएको दाबी गरिएको छ ।**



**टुडे समाचारदाता**

लहान, १७ साउन । सुनसरी घटनालाई लिएर उत्पन्न प्रदर्शनले सबभन्दा बढी क्षति सिरहाको गोलबजारमा भएको बुझिएको छ । सिरहा गोलबजार नगरपालिका ८ पुरानो चोहर्वास्थित न्यू असलम बस्त्रालयमा साउन १४ गते बिहिवार आगजनी गरिएको थियो ।

सुनसरी घटनाको विरोधमा भएको आन्दोलनका क्रममा आगजनी हुँदा न्यू असलम वस्त्रालयमा करिब ५ करोड रुपैयाँ बराबरको क्षति भएको पीडित व्यवसायी असलम खानले दाबी गरेका छन् । उनले शुक्रबार पत्रकार सम्मेलन गर्दै आफ्नो परिवारले भोगिरहेको पीडा सार्वजनिक गरेका हुन् ।

पत्रकार सम्मेलनमा बोल्दै खानले आगजनीका कारण पसलमा रहेको सम्पूर्ण कपडा तथा अन्य सरसामान जलेर नष्ट भएको, करिब २ लाख रुपैयाँ नगद समेत जलेको र तीन तले घरमा आंशिक क्षति पुगेको बताए । उनका अनुसार उक्त घटनाले पाँच जनाले रोजगारी गुमाएका छन् भने आफ्नो परिवार पूर्ण रूपमा आर्थिक संकटमा परेको छ ।

भावुक हुँदै उनले भने, "वर्षौंदेखि यस बजारमा सबै जातजाति, भाषा, धर्म र समुदायसँग मिलेर व्यापार गर्दै आएका थियौं । कहिल्यै कसैसँग विवाद भएन। तर आज हाम्रो परिवार नै सडकमा पुग्ने अवस्था आयो। आखिर हाम्रो गल्ती के थियो ?"

खानका अनुसार आगलागीमा पसलका सामान मात्र होइन, करिब २ करोड रुपैयाँ बराबरको उधारो कारोबार सम्बन्धी बहिखाता समेत जलेर नष्ट भएको छ । आगजनी भएको समयमा पसलभित्र रहेका पाँच जना कामदार पनि जोखिममा परेका थिए । उनीहरू कठिन प्रयासपछि सकुशल बाहिर निस्कन सफल भएको उनले बताए ।

आफ्नो आर्थिक अवस्थाबारे जानकारी दिँदै खानले गोलबजार नगरपालिका-११ बलकावास्थित जग्गा बन्धकी राखेर एनआईसी एशिया बैंकबाट २ करोड ८ लाख रुपैयाँ कर्जा लिई व्यापार विस्तार गरेको पीडा सुनाए । यस्तै एबी मलमा पनि करोडौ रुपैयाको धनमाल जलेर नष्ट भएको दाबी गरिएको छ ।

उनका अनुसार आर्थिक अभावका कारण पसलको बीमा समेत गर्न नसकिएको थियो । "परिवार चलाउनै मुस्किल भइरहेको बेला यस्तो ठूलो विपत्ति आइपरेको छ । अब हामी कहाँ जाने, के गर्ने?" साहुमहाजन बाट ल्याएको उधारो लत्ताकपडाको रकम कहाँ बाट चुक्ता गर्ने भन्दै उनले भावुक बनेर आफ्नो पीडा सुनाए ।

यस्तै प्रदर्शनकारीले गरेको आगजानीले गोलबजारस्थित नेहाल आइरन स्टोर र अहान प्लाइउड सप्लायर्स पूर्ण रूपमा जलेर नष्ट भएको पीडित पक्षले जनाएको छ । ती व्यवसायका सञ्चालक सबिर खानका अनुसार नेहाल आइरन स्टोरमा करिब १५ करोड रुपैयाँ बराबरको सामान तथा अहान प्लाइउड सप्लायर्समा करिब ५ करोड रुपैयाँ बराबरको सामग्री रहेको थियो ।

आगजनीका कारण दुवै व्यवसाय पूर्ण रूपमा नष्ट हुँदा करिब २० करोड रुपैयाँ बराबरको क्षति भएको उनको दाबी छ । सबिर खानले सञ्चारकर्मीसँग कुरा गर्दै भने, "वर्षौंदेखि पसिना बगाएर, ऋण-लगानी गरेर र दिनरात मेहनत गरेर बनाएको हाम्रो व्यवसाय केही समयमै खरानीमा परिणत भयो । यो केवल पसल जलेको घटना मात्र होइन, हाम्रो परिवारको भविष्य, हाम्रो संघर्ष र जीवनभरको सपना जलेको पीडा हो ।"

उनका अनुसार यी दुवै व्यवसाय नै परिवारको मुख्य आम्दानीको आधार थिए। यही व्यवसायबाट परिवारको दैनिक खर्च, घरपरिवारको जिम्मेवारी तथा तीन जना छोरीहरूको शिक्षा सञ्चालन हुँदै आएको थियो । हाल तीनै जना छोरीहरू घरभन्दा टाढा बसेर आफ्नो भविष्य निर्माणका लागि अध्ययनरत छन् । व्यवसाय पूर्ण रूपमा नष्ट भएपछि उनीहरूको पढाइ, पारिवारिक जीवनयापन र भविष्य नै अन्योलमा परेको उनले बताए ।

"हामी अहिले अत्यन्तै ठूलो आर्थिक संकटमा मात्र होइन, गहिरो मानसिक पीडामा पनि छौं। जीवनभरको कमाइ एकैछिनमा समाप्त भयो। अब फेरि शून्यबाट सुरु गर्ने अवस्था आएको छ," उनले भावुक हुँदै भने । पीडित परिवारले नेपाल सरकार, गृह प्रशासन, स्थानीय प्रशासन तथा सम्बन्धित सबै निकायसँग घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन माग गरेको छ ।

गोलबजारमा भएको हिंसा तथा आगजनीको घटनाले स्थानीय व्यवसायीमा त्रास र असुरक्षाको भावना बढाएको छ। पीडित परिवारले यस्ता घटना दोहोरिन नदिन प्रभावकारी सुरक्षा व्यवस्था, कानुनी कारबाही र सामाजिक सद्भाव कायम गर्न सरकारलाई आवश्यक कदम चाल्न आग्रह गरेको छ ।

# बाख्रा मर्न थालेपछि स्थानीय त्रसित



**टुडे समाचारदाता**

रौतहट । पछिल्लो एक महिनादेखि रौतहटको गरुडा नगरपालिका, ईशनाथ नगरपालिका र दुर्गा भगवती गाउँपालिकामा अज्ञात वन्यजन्तुले घरपालुवा पशुमाथि आक्रमण गर्न थालेपछि स्थानीयवासी त्रसित बनेका छन् ।

लगातार बाख्रा तथा अन्य पशुचौपाया मारिन थालेपछि डिभिजन वन कार्यालय, रौतहटले प्रभावित क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । डिभिजन वन कार्यालयका प्रमुख मनोजकुमार ठाकुरद्वारा जारी सूचनाअनुसार सबैभन्दा बढी घटना गरुडा नगरपालिका-१ जयनगर क्षेत्रमा देखिएको छ ।

रातको समयमा अज्ञात वन्यजन्तुले खोरमै प्रवेश गरी बाख्रालाई आक्रमण गर्ने, विशेषगरी आन्द्रा-भुँडी लगायत शरीरका विभिन्न भागमा क्षति पुऱ्याएर मार्ने गरेको पाइएको छ । पछिल्ला केही दिनयता ईशनाथ नगरपालिका-१ र ३ तथा दुर्गा भगवती गाउँपालिकाका विभिन्न वडामा पनि यस्तै प्रकृतिका घटना भएको वन कार्यालयले जनाएको छ ।

घटनाको वास्तविकता पत्ता लगाउन डिभिजन वन कार्यालयले चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) सौराहासँग समन्वय गरी प्राविधिक टोली परिचालन गरेको छ । टोलीले प्रभावित क्षेत्रमा निरन्तर निगरानी र खोजी कार्य गरिरहेको भए पनि हालसम्म आक्रमण गर्ने वन्यजन्तुको पहिचान हुन सकेको छैन ।

वन कार्यालयले अर्को सूचना जारी नभएसम्म प्रभावित क्षेत्रका स्थानीयलाई राति एक्लै बाहिर ननिस्कन, बालबालिका तथा ज्येष्ठ नागरिकलाई अनावश्यक रूपमा घरबाहिर जान नदिन, घरपालुवा पशु सुरक्षित खोरमा राख्न र खोर वरिपरि पर्याप्त उज्यालोको व्यवस्था गर्न आग्रह गरेको छ ।

त्यस्तै, घर तथा पशुखोर आसपासका झाडी सफा राख्न, गन्ध आउने फोहोर खुला स्थानमा नराख्न तथा कुनै वन्यजन्तु देखिएमा लखेट्ने वा समात्ने प्रयास नगरी तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन पनि अनुरोध गरिएको छ ।

घरपालुवा पशुमाथि आक्रमण भएको अवस्थामा घटनास्थलका प्रमाण सुरक्षित राखी तत्काल जानकारी गराउन आग्रह गर्दै वन्यजन्तुको पहिचान र नियन्त्रणका लागि प्राविधिक टोली निरन्तर परिचालन गर्दै आएको वन कार्यालयले जनाएको छ ।

# सप्तरीको दुई पालिकामा निषेधाज्ञा

**टुडे समाचारदाता**

राजविराज । सुनसरी घटनालाई लिएर सप्तरीका दुई नगरपालिकामा जारी कर्फ्यु हटाई निषेधाज्ञा जारी गरिएको छ ।

सुनसरीको देवानगञ्ज र सिरहामा भएका घटनापछि उत्पन्न परिस्थितिलाई ध्यानमा राख्दै सप्तरीको राजविराज र बोदे बर्साइन नगरपालिकामा कर्फ्यु लगाइएको थियो । जिल्ला सुरक्षा समितिको आइतबार बसेको बैठकले कर्फ्यु हटाएर निषेधाज्ञा जारी गरेको हो ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले पाँच जनाभन्दा बढी मानिस भेला हुन, सभा, जुलुस, धर्ना तथा प्रदर्शन गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३ क) बमोजिम अर्को आदेश नभएसम्मका लागि निषेधाज्ञा जारी गरिएको बताएका छन् ।




# बस सञ्चालन भएपछि यात्रु र व्यवसायीलाई राहत



**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरी घटनालाई लिएर एक सातादेखि बन्द रहेको पूर्वपश्चिम राजमार्ग आइतवारदेखि विधिवत रुपमा संचालनमा आएको छ । मधेशको पर्सादेखि सप्तरी हुँदै कोशी प्रदेशको विराटनगरसम्म आन्दोलनले गर्दा गत एक सातादेखि पूर्वपश्चिम अवरुद्ध रहेको थियो ।

सुनसरी र सिरहाका पीडित मृतक परिवारसँगको सहमति र जनकपुरधाममा गृहमन्त्रीले आन्दोलनरतसँग गरेको सहमति पश्चात आइतवारदेखि पूर्वपश्चिम सडक खण्डमा चल्ने लामो दुरीका सवारी साधन सञ्चालनमा आएको हो । सवारी साधन सञ्चालनमा आएपछि यात्रुलाई सहज भएको छ ।

हिजो, अस्ती टाढाटाडा चल्ने सार्वजनिक यातायात सञ्चालन नहुँदा अत्यावश्यक काम परेर यात्रा गर्नुपर्नेहरु मारमा परेका थिए । आइतवार बिहानदेखि भने लामो दुरीमा चल्ने बससमेत सञ्चालन भएसँगै जनजीवन सहज बनेको हो ।

मधेशका विभिन्न स्थानमा जारी कर्फ्यु हटाएर निषेधाज्ञा जारी गरेपछि पूर्वका सिराहा, सप्तरी, सुनसरी, विराटनगर लगायत आइतवारदेखि निर्वाध रुपमा सवारी साधन चल्न थालेको हो । जनकपुरधामबाट सञ्चालन हुने यात्रुवाहक बस पूर्ण रुपमा सञ्चालनमा आएपछि यात्रुलाई मात्र होइन बसमा काम गर्ने मजदूर र बस व्यवासयीलाई धेरै नै राहत भएको माँ जानकी जनकपुरधाम यातायात प्रा.लि.का अध्यक्ष मनोज चौधरीले बताए ।

उनले भने यात्रुवाहक बस बन्द भएपछि बस व्यवसायीलाई दैनिक करोडौ रुपैयाको क्षति भइरहेको थियो । अधिकांश बस व्यवसायी बैंकबाट ऋण लिएर नै बस किनेका छन् । बस बन्द भएपछि तिनीहरुलाई बैंकको किस्ता तिर्न समस्या पर्नुका साथै रोड परमिट र बीमा लगायतका रकम तिर्नुपर्ने बाध्यता रहेकाले बस व्यवसायीहरु निकै नै मारमा परेका थिए ।

यो सँगै बसमा काम गर्ने खलासी, ड्राइभर र कन्टेक्टर लगायतका मजदूरलाई समेत समस्या भएको थियो । उनीहरुले दैनिक कमाउने र खाने स्थितिमा रहेकाले बस नै बन्द भएपछि तिनीहरुलाई जीवनयापन गर्न ठूलो समस्या परेको थियो । अब बस सञ्चालनमा आएपनि यात्रुलाई मात्रै होइन बस व्यवसायी र मजदूरलाई समेत निकै राहत भेटेको छ ।

यता जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले पनि आइतवारदेखि जनकपुरधामबाट सञ्चालन हुने पूर्व पश्चिम राजमार्गमा यात्रुवाहक बस सञ्चालनमा आएको बताएका बताएका छन् । बस खुलेपछि महेन्द्र राजमार्ग र अन्य भित्री सडकमा सवारीको चाप बढ्न थालेको ट्राफिकको भनाई छ । बस मात्रै होइन लोकल टेम्पु, म्याजिक, जीप, बस, बोलेरो भने सामान्य अवस्थामै नियमित सञ्चालनमा आएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८